स्थानीय राजपत्र

शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल माघ २ गते (संख्याः ५

भाग – १

शिवपुरी गाउँ सभाले तल लेखिए बमोजिमको नीति बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वास्थ्य नीति, २०८१

स्वीकृत मितिः २०८१/०९/२९

१. प्रस्तावना

नेपालको संविधान, २०७२ कृयाशील भए सँगै राज्यको पुनःसंरचना भएको छ । यस अनुरूप संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू कार्यरत रहेको अवस्था छ । नेपालको संविधानले तीनै तहका सरकारलाई एकल तथा साझा अधिकार तथा विशिष्ट कार्यहरू निर्दिष्ट गरेको सन्दर्भ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारको काम, कर्तव्य र अधिकार (परिच्छेद-३, दफा ११, उपदफा २, झ (१) तथा ४ (ख), ङ, त, न, तथा दफा १२ (क), परिच्छेद-६ दफा २४ र २६ अनुसार शिवपुरी गाउँपालिकाले यो स्वास्थ्य नीति तयार गरेको छ।

२. भूमिका

स्वास्थ्य क्षेत्र बहुआयामिक बिषय भएकाले यस क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । सन् २०३० सम्म दिगो विकास लक्ष्यहरू प्राप्त गर्न नेपाल पनि प्रतिबद्ध छ । नेपालको संविधानले मौलिक हकको रूपमा आधारभूत स्वास्थ्य सेवालाई राखी हरेक नागरिकलाई निःशुल्क पहुँचको प्रत्याभूत गरेको छ । यसै सन्दर्भमा स्थानीय सरकारले स्वास्थ्यलाई विकासको प्रमुख मुद्दाको रूपमा अंगिकार गर्दै स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्ने र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ तथा समान पहूँच स्थापित गर्ने गरी दिगो वकास लक्ष्यमा टेवा पुर्याउने संवैधानिक दायित्वलाई पूरा गर्ने नीति लिएको छ । जनउत्तरदायी एवं कुशल व्यवस्थापन तथा सुशासनको माध्यमबाट उपलब्ध सबै स्रोत र साधनको अधिकतम् उपयोग तथा परिचालन गरी प्राप्त भएका उपलब्धिहरूको रक्षा गर्दै स्वास्थ्य क्षेत्रमा विद्यमान रहेका तथा नयाँ चुनौतीहरूलाई पनि सही ढङ्गले सम्बोधन गरेर नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापना गर्न र स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारको उत्तरदायित्व बहन गर्न शिवपुरी गाउँपालिकाले यो स्वास्थ्य नीति, २०८१ तयार गरेको छ ।

३. आधार

यो स्वास्थ्य नीति हाल प्रचलनमा रहेका कानूनी दस्तावेज, योजना, नीति तथा निर्देशिकाहरूलाई आधार लिई तयार पारिएको छ । साथै सान्दर्भिक अन्तराष्ट्रिय दस्तावेज तथा निर्देशिकाहरू पनि ध्यानमा राखिएको छ । संविधानमा उल्लेखित सहकार्य, सह अस्तित्व तथा समन्वय का साथै दिगो बिकास लक्षको सेवा पाउनबाट **"कोही पनि छुटनु हुँदैन"** (Leave no one behind) भन्ने अवधारणालाई यस नीतिको आधार स्तम्भ मानिएको छ ।

४. निर्देशक सिद्धान्तहरू

- मौलिक अधिकारको रूपमा रहेको गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता
- स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण
- समय सापेक्ष ग्रामीण स्वास्थ्य क्षेत्रमा सुधार
- स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायको समतामूलक पहुँच
- सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनःस्थापनाका लागि बहुक्षेत्रिय साझेदारी तथा सहकार्य र स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हकको सुनिश्चितता ।

५. विद्यमान स्थिति

१. गाउँपालिकाको संक्षिप्त परिचय

नुवाकोट जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित शिवपुरी गाउँपालिका साविकका तलाखु, छाप, लिखु, सिक्रे महाकाली, समुन्द्रादेवी, सुनखानी र थानापती गा.वि.स. समावेस गरि ८ वटा वडामा विभक्त रहेको छ । भौगोलिक हिसाबले २७ डिग्री ४८ मिनेट ३२ सेकेण्ड देखि २७ डिग्री ५३ मिनेट २९ पूर्वी अक्षांस र ८५ डिग्री १८ मिनेट ११ सेकेण्ड देखि ८५ डिग्री २४ मिनेट ५१ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएर रहेको छ। कूल क्षेत्रफल १०१.५० बर्ग कि.मि. रहेको यस गाउँपालिका समुन्द्रिक सतहको ६२० मिटर देखि २५२९ मिटरको उचाईमा रहेको छ। शिवपुरी गाउँपालिकाको कार्यालय रहेको स्थान वडा नं. ५ को शेरावगरमा रहेको छ । गाउँपालिकाको केन्द्र जिल्लाको सदरमुकाम विदुर देखि ३० कि.मी. र राजधानी काठमाण्डौ देखि ४० कि.मी. सडकको दुरीमा रहेको छ। गाउँपालिकाको पूर्वमा सिन्धुपाल्चोक जिल्ला, पश्चिममा पञ्चकन्या, लिखु र ककनी गाउँपालिका, उत्तरमा पञ्चकन्या र दुप्चेश्वर गाउँपालिका र दक्षिणमा शिवपुरी राष्ट्रिय निकुञ्ज पर्दछ ।

२. नामाकरण

परापूर्वकालमा भगवान शिवको क्रिडास्थलको रुपमा रहेको र पवित्र मानिएको यस भूमिमा भगवान शिवको आराधना र तपस्याको लागि ऋषि महर्षि र तपस्वीहरु आउने गरेको जनविश्वास रहेको छ।

भगवान शिवको बसोवास गरेको क्षेत्रका रुपमा धार्मिक महत्व रहेको यस क्षेत्रलाई शिवपुरी भनिने गरिएको थियो।यसै शिवपुरी शब्दबाट नै गाउँपालिकाको नाम शिवपुरी रहन गएको हो। यस गाउँपालिका शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएको मात्र नभई नुवाकोट जिल्लाको ऐतिहासिक तथा धार्मिक रुपले महत्वपूर्ण भूमिको रुपमा रहेको छ।

३. धरातलीय अवस्था

गाउँपालिकाको सबै भूभाग मध्य तथा उच्च पहाडी धरातलीय विशेषता बोकेको छ। नदी तटिय क्षेत्र र पहाडको फेदीमा समथर फाँट रहेका यस गाउँपालिकाको कुल भूभागको ४७.३०% भूभाग १५ डिग्रीदेखि १० डिग्री भिरालो रहेको छ भने ५ डिग्रीदेखि कम भिरालो रहेको भूभाग जम्मा २.१३% रहेको छ ।

शिवपुरी गाउँपालिका बागमती प्रदेश अन्तर्गत नुवाकोट जिल्लामा रहेको छ । कूल १२ वटा स्थानीय तह मध्य दक्षिण पूर्वी भूभागमा अवस्थित यो गाउँपालिका प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि निर्धारण गरिएका २ वटा क्षेत्रहरु मध्ये क्षेत्र नं. १ मा अवस्थित रहेको छ । साविक ८ वटा गा.वि.स. मिलेर बनेको गाउँपालिकाको केन्द्र शेराबगरमा अवस्थित रहेको छ। गाउँपालिकामा ८ वडा विद्यमान रहेका छन् । प्राकृतिक श्रोत तथा भु उपयोग प्राकृतिक श्रोतको अवस्था हेर्दा प्रशस्त कृषियोग्य जमिन रहेको यस गाउँपालिकाको

कुल क्षेत्रफल १०१.५ व.कि.मि. मध्ये ६७.७७% कृषियोग्य जमिन र १७.७४% वनजंगल रहेको छ । त्यसै गरी पानीले ओगटेको भाग ०.१४ तथा चट्टानी भाग १५.६१% रहेको देखिन्छ ।

४. जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या जम्मा २,९१,६४,५७८ रहेको छ, जसमध्ये नुवाकोट जिल्लाको जनसंख्या २,६३,३९१ रहेको छ र शिवपुरी गाउँपालिकाको जनसंख्या १७,२०३ रहेको छ जसमध्ये शिवपुरी गाउँपालिकाको जम्म घर परिवार संख्या ४,९२५, पुरुषको संख्या ८,२२२ (४७.७९ प्रतिशत), महिलाको संख्या ८,९८१ (५२.२० प्रतिशत) रहेको छ र जस अनुसार लैङ्गिक अनुपात (sex ratio) अर्थात् प्रति १०० जना महिलामा पुरुषको संख्या ९१.५५ रहेको छ ।

स्वास्थ्य संस्थाहरूको बिश्लेषण गर्दा यस गाउँपालिकामा हालसम्म १ वटा आधारभुत अस्पताल, ८ वटा स्वास्थ चौकी ,२ वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाईहरु र १ वटा नागरिक आरोग्य केन्द्रको स्थापना भएपनि त्यहाँ पर्याप्त आवश्यक उपकरणहरुको अभाव रहेको छ ।

६. प्रमुख समस्या तथा चुनौतीहरू

१. प्रमुख समस्याहरूः

१. गाउँपालिका भित्रका सबै क्षेत्र, तह, वर्ग तथा समुदायका नागरिकका लागि गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुग्न सकेको छैन ।

२. संक्रामक रोगहरू बिगतको तुलनामा केही नियन्त्रण भए तापनि उच्च रक्तचाप, दम, क्यान्सर जस्ता नसर्ने रोगहरू बढ्दो क्रममा रहेका छन् ।

३. आम नागरिकहरूमा सामाजिक, आर्थिक परिवर्तन आएसँगै स्वास्थ्य समस्याहरूमा परिवर्तन भएको तथा नसर्ने रोगको प्रकोप बढिरहेको सन्दर्भमा स्वास्थ्य कर्मी तथा महिला स्वयंसेविकाको क्षमता अभिवृद्धि र वृत्ति विकासमा यथोचित ध्यान दिन सकिएको छैन ।

४. प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम, जेष्ठ नागरिकको स्वास्थ्य, मानसिक स्वास्थ्य, वातावरणीय स्वास्थ्य, व्यवसायजन्य स्वास्थ्य, युवा, किशोर किशारीहरूको यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्द्धन आदिमा पर्याप्त प्राथमिकता दिन सकिएको छैन ।

५. आम नागरिकहरूमा सामाजिक, आर्थिक परिवर्तन आएसँगै स्वास्थ्य समस्याहरूमा भएको परिवर्तन, मानसिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र सेवाको बढ्दो मागको सन्दर्भमा यथोचित ध्यान दिन सकिएको छैन ।

६. स्वास्थ्य सेवाहरूको तथ्याङ्कको गुणस्तर सुधार गरी तथ्यमा आधारित स्वास्थ्य कार्यक्रम तथा योजना तर्जुमा र अनुगमन मूल्यांकनको पूर्ण रूपमा अभ्यास गर्न सकिएको छैन।
७. प्रभावकारी नियमनको अभावमा गैरसरकारी र निजि स्वास्थ्य संस्थाहरू बाट प्रदान गरिने स्वास्थ्य सेवाहरूको तथ्याङ्क नियमित रूपमा उपलब्ध हुन सकेको छैन ।
८. गाउँपालिकामा भौतिक पूर्वाधार जस्तै सडक, बिजुली सिँचाइ जस्ता तुलनात्मक लाभका क्षेत्रहरू प्राथमिकिकरणमा परेका कारण स्वास्थ्य क्षेत्रमा पर्याप्त श्रोत परिचालन गर्न सकिएको छैन ।

२. प्रमुख चुनौतीहरूः

१. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय रूपमा प्रदान गर्न गाउँपालिका स्वास्थ्य सेवा प्रणालीमा आवश्यक सुधार एवम् सुदृढीकरण गर्नुपर्ने ।
२. महामारीको व्यवस्थापन र भूकम्प लगायत प्राकृतिक प्रकोपको समयमा आकस्मिक स्वास्थ्य सेवा ब्यवस्थापनका लागि पूर्व तयारी गर्नुपर्ने ।
३. नवजात शिशु, बाल तथा मातृ मृत्युदर घटाउन, झाडापखाला, श्वासप्रश्वास सम्बन्धी रोग, क्षयरोग, कुष्ठरोग, एच.आइ.भी. तथा खोपद्वारा रोकथाम गर्न सकिने सङक्रामक रोगहरूको नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने ।
४. नसर्ने रोगहरूको बढ्दो भारलाई न्युनिकरण गर्न समुदायमा आधारित स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
५. स्वास्थ्य क्षेत्र बहुपक्षिय र बहुआयामिक भएकोले अन्य क्षेत्रहरू जस्तै शिक्षा, वातावरण, कृषि भौतिक पूर्वाधार विकास, सुरक्षा आदि सँगको समन्वय र सहकार्य सुदृढ गरी स्वास्थ्यका सामाजिक निर्धारकहरू सम्बोधन गर्नुपर्ने ।
६. सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा दक्ष र सामाजिक उत्तरदायी स्वास्थ्य कर्मीहरूको उपलब्धता सुनिश्चित गर्नुपर्ने ।
७. सबै स्वास्थ्य संस्थाहरू (सरकारी, गैर सरकारी र निजि) बाट नियमित रूपमा गुणस्तरिय तथ्याङ्क उपलब्ध गर्न विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको स्थापना गर्नुपर्ने।
८. तथ्यमा आधारित योजना तर्जुमा तथा अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्नुपर्ने ।
९. सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई सक्षम बनाउँदै स्वास्थ्य बीमामा सबै नागरिकलाई आवद्ध गरी आर्थिक वा अन्य कारणले स्वास्थ्य सेवाबाट वन्चित हुनु नपर्ने अवसरको सिर्जना गर्नुपर्ने ।
१०. स्वास्थ्य सम्बन्धी ऐन, नियम, नीति, रणनीति, निर्देशिका र कार्ययोजनाको निर्माण गरी समुचित र एकीकृत रूपमा सुदृढ ढङ्गले कार्यान्वयन गराउनु पर्ने ।

७. **कार्यान्वयन अवधीः** प्रस्तुत स्वास्थ्य नीतिको कार्यान्वयन अवधि शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले पास गरेको मितिले पाँच वर्ष रहनेछ ।

८. **कार्यान्वयनः** यस स्वास्थ्य नीतिको कार्यान्वयनको लागि आवश्यक बहुवर्षीय कार्ययोजना पनि तयार गरिने छ ।

९. **कार्य क्षेत्रः** यस नीतिले शिवपुरी गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकलाई समेट्नेछ।

१०. **(क) नाम तथा परिभाषाः**

(१) यो नीतिको नाम "शिवपुरी गाँउपालिकाको स्वास्थ्य नीति, २०८१" रहेको छ ।

(२) यो नीति कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

(ख) परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नीतिमा

१ **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

२ **"आधारभूत स्वास्थ्य सेवा"** भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५, परिच्छेद २ दफा ३ को उपदफा ४ र ७ ले परिभाषित गरे बमोजिम संघीय सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ ।साथै जनस्वास्थ्य सेवा ऐन, २०७५ को परिच्छेद-२ दफा ३ को उपदफा (५) र (६) बमोजिम स्थानीय तथा प्रदेश सरकारले थप गरेको आधारभूत स्वास्थ्य सेवालाई समेत सम्झनु पर्दछ ।

३ **"सरोकारवाला"** भन्नाले गाउँ विकास योजना तथा गाउँ स्वास्थ्य सँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार भएका स्थानीय संघ संस्थाहरू, संघीय तथा प्रदेश मन्त्रालय, विभाग, निकाय तथा संस्थाहरूलाई सम्झनु पर्दछ ।

४ **"स्वास्थ्य संस्था"** भन्नाले स्वीकृति प्राप्त सरकारी, गैर-सरकारी र निजी क्षेत्रबाट सञ्चालित अस्पताल तथा नर्सिङ होम, शिक्षण अस्पताल सम्झनु पर्दछ ।

५ **"गाउँपालिका"** भन्नाले नेपालको संविधान, २०७२ को भाग ५ अनुरूप राज्य संरचना र राज्य शक्तिको बाँडफाँडको ब्यवस्था भए बमोजिम गाँउपालिकाले समेटने क्षेत्र समेतलाई सम्झनु पर्दछ ।

६ **"गाउँ स्वास्थ्य"** भन्नाले गाउँपालिकाको स्वास्थ्य क्षेत्र र सो सँग सम्बन्धीत सबै विषयवस्तुहरू समेतलाई बुझ्नुपर्दछ ।

७ **"वडा"** भन्नाले नेपालको संविधान, २०७२ को भाग ५ अनुरूप राज्य पुनः संरचना र राज्य शक्तिको बाँडफाँडको ब्यवस्था भए बमोजिम नेपाल सरकारले तोकेको गाउँपालिका क्षेत्रका वडा भन्ने सम्झनु पर्दछ ।

८ **"गैरसरकारी संस्था"** भन्नाले नेपाल सरकारको सम्बन्धीत निकायमा दर्ता भएका स्वास्थ्य तथा अन्य सामाजिक क्षेत्रमा कार्य गर्ने गैर नाफा मूलक संस्था भन्ने सम्झनु पर्दछ ।

९ **"निजी स्वास्थ्य संस्था"** भन्नाले नेपाल सरकारको सम्बन्धीत निकायमा दर्ता भएका स्वास्थ्य सेवा प्रदान गर्ने नाफा मूलक संस्था भन्ने सम्झनु पर्दछ ।

१० **"सेवाग्राही"** भन्नाले स्वास्थ्य संस्थाबाट सेवा उपभोग गर्ने ब्यक्ति तथा समुदाय सम्झनु पर्दछ।

११ **"लक्षित वर्ग"** भन्नाले गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने गरिव,अपाङ्ग जेष्ठ नागरिक, सिमान्तकृतवर्ग, असहाय, महिला, बालवालिका र महिला स्वास्थ्य स्वयं सेविकालाई सम्झनु पर्छ ।

११. दीर्घकालीन सोचः सम्पूर्ण गाउँपालिकावासीहरू शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुनेछन् ।

१२. ध्येयः उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरी स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने अधिकारको सुनिश्चितता गर्ने ।

१३. लक्ष्यः गाउँपालिकावासीलाई सुलभ, सक्षम र जवाफदेही स्वास्थ्य संरचना मार्फत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गराई आम नागरिकको स्वास्थ्य सुरक्षित गर्ने यस नीतिको लक्ष्य रहेको छ ।

१४. उद्देश्य

१. गाउँपालिकावासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच तथा उपभोगमा बृद्धि गर्ने ।

२. आकस्मिक स्वास्थ्य सेवा तथा विशिष्ट उपचारात्मक स्वास्थ्य सेवाहरूमा आम नागरिकहरूको पहुँच बढाउने ।

३. स्वास्थ्य सेवा प्रवाहमा निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै गुणस्तरीयता तथा अपनत्व प्रवर्द्धन गर्ने ।

४. गाउँपालिकाको स्वास्थ्य प्रणालीका साथै स्वास्थ्य सुशासन सुदृढीकरण गर्ने ।

१५. स्वास्थ्य नीतिहरू

१. स्वास्थ्यमा सुशासनको प्रत्याभुति गर्न स्वास्थ्य सेवालाई गाउँपालिकाको सामाजिक सूचकको रूपमा राखी गाउँपालिका स्वास्थ्य नीतिको कार्यान्वयनको लागि आवश्यक श्रोत र साधनको व्यवस्था गरिनेछ ।

२. आधारभूत स्वास्थ्य सेवामा सबै समुदायको सर्बसुलभ पहुँच तथा गुणस्तर सुनिश्चित गर्दै खोप, सुरक्षित मातृत्व तथा परिवार नियोजन, नवजात शिशु तथा बाल स्वास्थ्य, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवालाई प्राथमिकता साथ उपलब्ध गराइ विशेषज्ञ तथा प्रेषण सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

३. महामारी नियन्त्रण, विपद व्यवस्थापन तथा आपतकालीन स्वास्थ्य अवस्थाको पूर्वतयारीका लागि एकिकृत उपायहरू को अवलम्बन गर्दै जनस्वास्थ्य निगरानीलाई सुदृढ गरिनेछ ।

४. जनस्वास्थ्य संरक्षण, प्रवर्धन र सुधारका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवा उपलब्ध गराइनेछ ।

५. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधार, औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरिनेछ ।

६. गुणस्तरीय स्वास्थ्य सेवामा बहुक्षेत्रीय सहकार्यलाई प्राथमिकता दिँदै निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूसँगको समन्वय तथा साझेदारीलाई सुदृढीकरण गरिनेछ ।

७. स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित तथा आधुनिकिकरण गर्दै प्राप्त तथ्यांकलाई योजना, अनुगमन, मूल्यांकन तथा निर्णय प्रकृयामा प्रभावकारी रूपमा प्रयोग गरिनेछ ।

८. गाँउपालिका क्षेत्र भित्र बसोबास गर्ने सम्पूर्ण नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्दै जेष्ठ नागरिक तथा असहाय व्यक्तिहरूको लागि थप स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।

९. स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न दक्ष जनशक्तिको बिकास तथा व्यवस्थापनमा जोड दिइनेछ ।

१०. नसर्ने रोग तथा चोटपटक (Trauma) हरूको रोकथाम तथा व्यवस्थापन गर्न प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यहरू लाई प्रभावकारी बनाउँदै लगिनेछ ।

१६. रणनीतिहरू

यी नीतिलाई कार्यन्वयन गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ ।

नीति १ : स्वास्थ्यमा सुशासनको प्रत्याभुति गर्न स्वास्थ्य सेवालाई गाउँपालिकाको सामाजिक सूचकको रूपमा राखी गाउँपालिका स्वास्थ्य नीतिको कार्यान्वयनको लागि आवश्यक श्रोत र साधनहरूको व्यवस्था गरिनेछ ।

<u>नीति १ सँग सम्बन्धीत रणनीतिहरू</u>

१ स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि बार्षिक बजेटको निश्चित प्रतिशत कार्यक्रम तथा विकास बजेटको स्वास्थ्य क्षेत्रमा बिनियोजन सुनिश्चित गरिनेछ ।

२ स्वास्थ्य सुशासन सुदृढीकरण गर्दै आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि सक्षम र प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।

३ स्वास्थ्य सेवाको उपलब्धिलाई सामाजिक बिकासको रूपमा मापन गर्न खोप, गर्भवती जाँच र संस्थागत प्रसुति जस्ता सूचकहरू प्रयोग गरिनेछ ।

४ स्वास्थ्यमा प्राप्त उपलब्धिको वार्षिक रूपमा पुनरावलोकन गरी सार्वजनिक गरिनेछ।

नीति २ :आधारभूत स्वास्थ्य सेवामा सबै गाउँबासीहरूको सर्बसुलभ पहुँच सुनिश्चित गर्दै खोप, सुरक्षित मातृत्व तथा परिवार नियोजन, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवालाई प्राथमिकता साथ उपलब्ध गराइ विशेषज्ञ तथा प्रेषण सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

<u>नीति २ सँग सम्बन्धीत रणनीतिहरू</u>

१ गाउँपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्रदान गर्न स्वास्थ्य संस्थाको संस्थागत तथा व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ ।

२ आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउन आवश्यक मात्रामा स्वास्थ्य संस्थाहरू थप गर्दै लगिनेछ ।

३ स्वास्थचौकीलाई ग्रामीण अस्पतालका रूपमा प्रवर्द्धन तथा बिकास गरिनेछ ।

४ सुरक्षित मातृत्व, परिवार नियोजन तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न सेवालाई प्रभावकारी तथा व्यवस्थित गरिनेछ ।

५ सबै बच्चाहरूमा खोप सेवाको सुनिश्चित गर्न खोप तथा पोषण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित गरिनेछ ।

६ नीजी अस्पताल, मेडिकल कलेज तथा शिक्षण अस्पतालहरूसँग आवश्यक समन्वय गरी पालिका भित्र आवधिक रूपमा बिशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।

७ आकस्मिक अवस्थाका बिरामीहरूलाई शीघ्र उपचार गर्न र प्रेषणको लागि सबै वार्डहरूमा एम्बुलेन्स सेवाको पहुँच पुर्याइनेछ । साथै आकस्मिक वा विपदको कारण भवितव्य भएमा नि:शुल्क शव वहानको सुविधा व्यवस्था गरिनेछ ।

८ आयुर्वेदिक तथा परम्परागत स्वास्थ्य सेवालाई प्राथमिकताका साथ मूल प्रवाहीकरण गरिनेछ ।

नीति ३ : महामारी नियन्त्रण, विपद् व्यवस्थापन तथा आपतकालीन स्वास्थ्य अवस्थाको पूर्वतयारीका लागि एकिकृत उपायहरू को अवलम्बन गर्दै जनस्वास्थ्य निगरानीलाई सुदृढ गरिनेछ ।

नीति ३ सँग सम्बन्धीत रणनीतिहरू

१ महामारी रोग तथा विपद व्यवस्थापनको लागि नियमित कोषको व्यवस्था गरिनेछ साथै यसका लागि निजी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायसँग समन्वय, सहकार्य गरिने छ ।

२ महामारी तथा विपद व्यवस्थापनका लागि गाउँपालिका तथा वडा स्तरमा द्रुत प्रतिकार्य टोली (Rapid Response Team) गठन गर्नुका साथै यसका लागि आवश्यक पर्ने जनशक्ति, औषधि, उपकरणको व्यवस्था गरिनेछ ।

३ महामारी कोभिड-१९, डेंगु तथा विपद व्यवस्थापन कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्यांकनका लागि संघीय, प्रदेश, स्थानीय सरकार तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरिनेछ ।

४ क्षयरोग, हात्तीपाइले, औलो, एच.आई.भी, कुष्ठरोग, कालाजार, डेंगु लगायतका उपेक्षित ट्रपिकल रोगहरू (Neglected Tropical Diseases), जापानिज इन्सेफाइलाइटिस, स्क्रब टाईफस, रेबिज तथा कोरोना भाइरस (कोभिड-१९) लगायत अन्य संक्रामक रोग नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

५ आधुनिक सूचना प्रणालीको प्रयोग गर्दै जनस्वास्थ्य निगरानी सुदृढ गरिनेछ ।

नीति ४ : जनस्वास्थ्य संरक्षण, प्रवर्धन र सुधारका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवा उपलब्ध गराइनेछ ।

नीति ४ सँग सम्बन्धीत रणनीतिहरू

१ स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न संस्थागत संरचनामा आवश्यक परिवर्तन गरिनेछ ।

२ पालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूबाट प्रवर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवाहरू उपलब्ध गराइनेछ ।

३ जनस्वास्थ्यलाई प्रभाव पार्ने निर्धारक (सामाजिक, आर्थिक, सांस्कृतिक) तत्वहरू पहिचान गरी बहु क्षेत्रीय कार्यक्रम बिकास गर्दै प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक कार्यक्रमहरू बिस्तार गरिनेछ ।

४ गाउँपालिका क्षेत्र भित्र अवस्थित बिद्यालय, स्वास्थ्य संस्था, युवा क्लब तथा योग केन्द्रसँग आवश्यक सहकार्य तथा समन्वय विस्तार गरी प्रवर्द्धनात्मक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

५ स्थानीय स्वास्थ्य आवश्यकता, स्वास्थ्य वातावरण तथा जीवनशैली लाई सम्बोधन गर्न स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सन्देश र सूचना सामग्री उत्पादन, प्रशारण र सम्प्रेषणलाई

आधुनिक तथा थप व्यवस्थित बनाइनेछ र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमहरू लाइ निरन्तरता दिइनेछ ।

नीति ५ : गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधार, औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरिने छ ।

<u>नीति ५ सँग सम्बन्धीत रणनीतिहरू</u>

१ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धी सामग्रीहरूको नियमित उपलव्धता तथा भण्डारणलाई व्यवस्थित गरिनेछ ।

२ आधारभूत स्वास्थ्य सेवाका लागि औषधि आपूर्ति व्यवस्थापनलाई चुस्त पार्नुका साथै औषधिको विवेकपूर्ण प्रयोगलाई प्रवर्द्धन गरिने छ ।

३ स्वास्थ्य संस्थाहरू मा उपकरण तथा औजारहरू को उपलब्धता सुनिश्चित गर्न विभिन्न निकायसँग सहकार्य गरिने छ ।

नीति ६ : गुणस्तरीय स्वास्थ्य सेवामा बहुक्षेत्रीय सहकार्यलाई प्राथमिकता दिँदै नीजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूसँगको समन्वय तथा साझेदारीलाई सुदृढीकरण गरिनेछ ।

<u>नीति ६ सँग सम्बन्धीत रणनीतिहरू</u>

१ स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा प्रभावकारी रूपमा स्वास्थ्य सेवा पुर्याउन नीजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूसँग साझेदारी गरिनेछ ।

२ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा स्वास्थ्य सेवा प्रवाहको सुदृढीकरण गरिनेछ।

३ गाँउपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाबाट उत्सर्जन हुने स्वास्थ्यजन्य संक्रमणलाई न्युनीकरण गर्न एकीकृत फोहोरमैला व्यवस्थापन गरिनेछ ।

नीति ७ : स्वास्थ्य सूचना प्रणालीलाई थप व्यवस्थित तथा आधुनिकिकरण गर्दै प्राप्त तथ्याङ्कलाई योजना, अनुगमन, मूल्यांकन तथा निर्णय प्रकृया प्रभावकारी रूपमा प्रयोग गरिनेछ ।

<u>नीति ७ सँग सम्बन्धीत रणनीतिहरूः</u>

१ सबै स्वास्थ्य संस्थाहरूबाट गरिने प्रतिवेदन पद्धतिलाई बिद्युतीय माध्यम (e-Reporting) द्वारा गर्ने व्यवस्थापन गर्नुका साथै यसको संचालन तथा दिगोपन ब्यवस्थापनका लागि आवश्यक श्रोत साधनको ब्यवस्थापन तथा संस्थागत क्षमताको विकास गर्ने व्यवस्था मिलाइनेछ ।

२ तथ्याङ्कको गुणस्तरीयतालाई सुनिश्चित गरिनेछ ।

३ संकलित तथ्याङ्कलाई विश्लेषण गरी योजना तर्जुमा गर्न विभिन्न निर्णय (कार्यक्रमको अनुगमन, मूल्यांकन) गर्न प्रयोग गरिनेछ ।

४ गैरसरकारी र निजि स्वास्थ्य संस्थाहरू बाट प्रदान गरिने स्वास्थ्य सेवाहरूको तथ्याङ्क नियमित प्रतिवेदन गर्ने प्रणालीको आवश्यक नियमन गरिनेछ ।

नीति ८ : सम्पूर्ण गाउँपालिकाबासीहरूलाई सामाजिक स्वास्थ्य बीमामा आबद्ध गर्दै जेष्ठ नागरिक तथा असहाय व्यक्तिहरूको लागि थप स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

नीति ८ सँग सम्बन्धीत रणनीतिहरू

१ सबै गाउँपालिका बासीलाई स्वास्थ्य बीमामा संलग्न गराइनेछ ।

२ जेष्ठ नागरिक, असहाय, विपन्न तथा गरिबलाई थप स्वास्थ्य बीमा गर्न गाँउपालिकाबाट थप रकमको व्यवस्था मिलाइनेछ ।

नीति ९ : स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न दक्ष जनशक्तिको बिकास तथा व्यवस्थापनमा जोड दिइनेछ ।

नीति ९ सँग सम्बन्धीत रणनीतिहरू

१ स्वास्थ्य सेवा निरन्तर प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको बिकास गरी परिचालन गरिनेछ ।

२ आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय रूपमा प्रदान गर्न आवश्यक पर्ने तालीमका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

३ गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्यकर्मीहरूको ज्ञान र शीप अद्यावधिक र अभिबृद्धि गर्न विभिन्न निकायसँग समन्वय गरिनेछ ।

नीति १० : नसर्ने रोग तथा चोटपटक (Trauma) हरूको रोकथाम तथा व्यवस्थापन गर्न प्रतिकारात्मक तथा प्रबर्धनात्मक कार्यहरू लाई प्रभावकारी बनाउँदै लगिनेछ ।

नीति १० सँग सम्बन्धीत रणनीतिहरू

१ नसर्ने रोग तथा मानसिक रोगको रोकथामका लागि गाँउपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट प्रतिकारात्मक तथा प्रवर्धनात्मक स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

२ स्वस्थ खानपान, स्वस्थ जीवनशैली अपनाउन शिक्षा, सूचना तथा सञ्चारका माध्यमबाट सचेतना प्रवर्द्धन गरिनेछ ।

३ सडक सुरक्षालाई प्रभावकारी बनाउन विद्यालय स्तरबाट नै ट्राफिक नियम सचेतना कार्यक्रमको प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४ सडक दुर्घटना न्युनीकरण गर्न विभिन्न संघ संस्थासँग सहकार्य गरी व्यवस्थित तथा प्रभाबकारी रूपमा कार्यान्वयन गरिनेछ ।

५ सडक सुरक्षाका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१७. **संस्थागत व्यवस्थाः** यस स्वास्थ्य नीतिमा रहेका प्रावधानहरूलाई गाउँ कार्यपालिकाले स्वामित्वमा लिनेछ र वार्षिक कार्यक्रम तथा योजनामा समावेश गर्दै लगिनेछ । स्वास्थ्य नीतिको संस्थागत व्यवस्थाको खाका यस नीतिको रणनैतिक कार्यान्वयन योजनामा दिइएको छ ।

१८. **जनशक्ति ब्यवस्थापनः** स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान अनुरूप गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्तिको आवश्यक व्यवस्था मिलाइनेछ । विशेषज्ञ सेवा प्रदान गर्नका लागि शैक्षिक वा विशिष्टीकृत सेवा दिने अस्पतालहरूसँग सहकार्य गरिनेछ ।

१९. **वित्तीय पक्षः** यस स्वास्थ्य नीतिको कार्यान्वयनका लागि संविधानमा उल्लेख भए बमोजिमका विभिन्न श्रोतहरूका साथै गाउँपालिकाको आन्तरिक स्रोत समेतको परिचालन गरी उपलब्धि हासिल गर्ने व्यवस्था मिलाइनेछ ।

२०. **कानूनी ब्यवस्थाः** नेपालको संविधान २०७२, संघीय तथा प्रादेशिक कानूनहरू तथा गाउँपालिकाका कानून तथा निर्देशिकाहरूको पालना गर्दै यो स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ। संविधान, तथा अन्य प्रचलित कानूनहरू सँग नीतिगत प्रावधान बाझिएमा बाझिएको हदसम्म नीतिका बुँदाहरू स्वतः खारेज हुनेछन् ।

२१. **अनुगमन तथा मूल्यांकनः** यस स्वास्थ्य नीतिको कार्यान्वयनको अवस्था नियमित रूपमा अनुगमन तथा मूल्यांकन गरिनेछ । अनुगमन तथा मूल्यांकनको ढाँचा तोकिए बमोजिम हुनेछ । अनुगमन तथा मूल्यांकनको संस्थागत व्यवस्थाको मस्यौदा यस नीतिको रणनैतिक कार्यान्वयन योजनामा दिइएको छ ।

२२. **जोखिम पक्ष**

१ राष्ट्र संघियता कार्यान्वयनको चरणमा रहेको हुँदा विभिन्न व्यवस्थापकीय पक्षहरूले यस नीति तथा रणनीतिहरू को कार्यान्वयनमा असर पर्न सक्ने हुँदा सो पक्ष तर्फ पनि ध्यान दिइनेछ ।

२ संघीय तथा प्रदेश सरकारबाट पर्याप्त श्रोत विनियोजन नभएमा तथा आन्तरिक श्रोतमा कमी आएमा पनि यस नीति तथा रणनीतिहरूको कार्यान्वयनमा प्रभाव पर्न सक्छ ।

२३. **नीति परिमार्जनः** गाउँपालिका स्वास्थ्य नीति कार्यान्वयन अनुभुत गरिएका समस्या तथा चुनौती एवं स्थानीय आवश्यकता, स्वास्थ्य समस्याको भार तथा प्रकृति समेतलाई मध्यनजर गर्दै कार्यपालिकाले विज्ञ तथा सम्बन्धीत संस्थाहरू सँग परामर्श गरी आवश्यकता अनुसार यस नीतिको परिमार्जन गर्न सक्नेछ ।

२४. **कार्यान्वयनः** यस नीतिको कार्यान्वयन गर्न गराउन सरोकारवाला सम्पूर्ण पक्षसँग समन्वय,सहकार्य र सहयोगको अपेक्षा सहित यो नीति तयार गरिएको व्यहोरा सबैमा जानकारी एवं अनुरोध गरिएको छ ।

आज्ञाले,
बद्रिनाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत